जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ११३ पृष्ठः ४ | २०८३ भदौ ०८ सोमबार (Monday 24 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## विद्युत् अनियमितताले खानेपानीको समस्या, जेनेरेटर चलाएर खानेपानी आपूर्ति



**मणिलाल विश्वकर्मा**

लहान, ७ भदौ । सिराहाको गोलबजार नगरपालिका–१०, पुरानो चोहर्वास्थित दसैं महाजन टोलका बासिन्दा घण्टौंसम्म विद्युत् अनियमित हुँदा खानेपानीको समस्यामा परेका छन्। स्थानीय बासिन्दाले आइतबार बिहान सबेरैदेखि विद्युत् सेवा अवरुद्ध भएपछि खानेपानी तान्न नपाउँदा स्थानीय कमलेश रायको जेनेरेटरबाट पाइपमार्फत तानेको पानीमा भर पर्नुपरेको गुनासो गरेका छन्। रायले आफ्नै खर्चमा डिजेल हालेर जेनेरेटर चलाएपछि करिब दुई दर्जन घरधुरीका बासिन्दा बाल्टिन, भाँडा र ग्यालेनमा पानी भर्न भिड लागेका थिए।

खानेपानी र सिँचाइका लागि विद्युतीय मोटर तथा गर्मीको समयमा पंखा चलाउन आवश्यक विद्युत् शनिबारदेखि नै अवरुद्ध भएपछि जेनेरेटर चलाएर गाउँलेलाई खानेपानी उपलब्ध गराएको रायले बताए। पटक–पटक विद्युत् आउने–जाने र कहिलेकाहीँ घण्टौँसम्म अवरुद्ध हुने गरेकाले उखरमाउलो गर्मी र चर्को घाममा सास्ती भोग्नुपरेको गाउँलेहरूको गुनासो छ। 'दिनभर बिजुली आउने–जाने भइरहँदा रुखमुनि शीतल तापेर, हाते पंखा चलाएर भए पनि बस्न सकिन्छ,' स्थानीय सञ्जय रायले भने, 'तर, रातको समयमा घरबाहिर बस्ने कुरा भएन, गर्मीमा छट्पटाउँदै बस्नुपर्छ।'

गर्मीमा पंखा चलाउन नपाए पनि इनार र बोरिङबाट खानेपानी तान्न विद्युत् नै चाहिने भएकाले समस्या भेल्नुपरेको उनले बताए। उपभोक्ताले विद्युत् उपभोग गरेबापतको महसुल ढिला हुँदा जरिवाना असुल्ने नेपाल विद्युत् प्राधिकरणले सेवाको गुणस्तर र नियमिततामा ध्यान नदिएको

–बाँकी तीन पेजमा

## खेत सिंचाई गर्ने क्रममा करेन्ट लागेर ४५ वर्षीय पुरुषको ज्यान गयो

सिरहा, ७ भदौ । सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका ५ खरुक्याही टोलमा खेत पटाउने क्रममा करेन्ट लागेर एकजनाको ज्यान गएको छ। घर नजीकै रहेको आफ्नै खेतमा पानी पटाउने क्रममा मोटरको तार मिलाउँदै गर्दा करेन्ट लागेर स्थानीय करिव ४५ वर्षीय मो. इसा अंसारीको ज्यान गएको हो। प्रहरीका अनुसार आइतवार दिउँसो करिब १:४५ बजे करेन्ट लागेर गम्भीर घाइते भएका अंसारीको घटनास्थलमै मृत्यु भएको हो।

प्रहरी टोलीले घटनास्थलको मुचुल्का लगायतका प्रारम्भिक कानुनी प्रक्रिया पूरा गरी घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यलय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए। शव पोष्टमार्टमको लागि लहानस्थित रामकुमार उमाप्रसाद मुरारका अस्पताल लगिएको प्रहरीले जनाएको छ।

## ब्राउनसुगरसहित धनगढीका तीन युवक गोलबजारबाट पक्राउ

गोलबजार, ७ भदौ । सिरहा प्रहरीले प्रतिवन्धित लागु पदार्थ ब्राउनसुगरसहित धनगढीका ३ युवकलाई गोलबजारबाट नियन्त्रणमा लिएको छ। पूर्वपश्चिम राजमार्ग अन्तर्गत गोलबजार ४ स्थित विकास लज अगाडीबाट प्रहरीले ९ ग्राम ५४ मिलिग्राम ब्राउनसुगरसहित धनगढीमाई नगरपालिका ८ का १९ वर्षिय दिपक कुमार यादव, ७ का २० वर्षिय आशिक महतो र १८ वर्षिय राजेश कुमार दासलाई

–बाँकी तीन पेजमा

## सौतेनी विवादमा २ वर्षीया छोरीको हत्या आशंकामा शौतेनी आमा पक्राउ



राजविराज, ७ भदौ । सप्तरीमा २ वर्षीया नाबालिकाको हत्या अभियोगमा प्रहरीले उनकै सौतेनी आमालाई नियन्त्रणमा लिएको छ। शम्भुनाथ नगरपालिका ३ का दुई वर्षीया खुशी खातुनको हत्या अभियोगमा उनकी सौतेती आमा १९ वर्षीया मुस्कान खातुनलाई प्रहरीले पक्राउ गरेको हो। खुसी मोहम्मद इरफानकी छोरी हुन्। उनी हाल बैदेशिक रोजगारका क्रममा रहेका छन्। मुस्कान मृतक नाबालिकाकी कान्छी आमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी रूपक खड्काले जानकारी दिए।

आइतबार घरबाट हराएको दुई

–बाँकी तीन पेजमा




## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

**खुलेर कुरा गरौंः मानसिक स्वास्थ्यको संरक्षण गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सर्पदंश र राज्यको जिम्मेवारी

सिरहाको दक्षिणी सीमावर्ती भगवानपुर गाउँपालिका–२, गम्हरियाका दुई नाबालक दाजुभाइ करेत सर्पको डसाइबाट गम्भीर बिरामी भएपछि स्थानीय समाजले देखाएको मानवीय सहयोग प्रशंसनीय छ। विपन्न परिवारका ११ वर्षीय प्रियांसु भगत र सात वर्षीय दिव्यांसु भगत सुतेकै ओछ्यानमा सर्पले डसेपछि विराटनगरमा उपचाररत छन्। जेठो छोरा प्रियांसुको अवस्था गम्भीर भएर भेन्टिलेटरमा उपचार भइरहेको छ भने कान्छो दिव्यांसु खतरामुक्त रहेको परिवारले जनाएको छ। उपचार खर्च जुटाउन परिवार असमर्थ भएपछि स्थानीय युवा, व्यवसायी, समाजसेवी र सर्वसाधारणले सहयोग अभियान सञ्चालन गरेका छन्।

यो घटना एउटा परिवारको दुःखमा सीमित छैन। यसले तराई–मधेसका ग्रामीण क्षेत्रमा सर्पदंश अझै पनि गम्भीर जनस्वास्थ्य चुनौतीका रूपमा रहेको तथ्य पुनः उजागर गरेको छ। विशेषगरी वर्षायाममा सर्पदंशका घटना बढ्ने गर्छन्। घरभित्रै सर्प पस्ने, भुइँमा सुत्ने, राति पर्याप्त सावधानी नअपनाउने तथा स्वास्थ्य संस्थासम्म तत्काल पुग्न नसक्ने अवस्थाले ग्रामीण विपन्न परिवारलाई बढी जोखिममा पार्दै आएको छ।

सर्पदंशको उपचारमा समय नै जीवन हो। विषालु सर्पले डसेको अवस्थामा केही मिनेट वा घण्टाको ढिलाइले बिरामीको अवस्था गम्भीर बन्न सक्छ। यस्तो संवेदनशील विषयमा स्थानीय स्वास्थ्य संस्थाहरू तयारी अवस्थामा रहनु अनिवार्य छ। आवश्यक एन्टिभेनम, दक्ष स्वास्थ्यकर्मी, आकस्मिक उपचार, अक्सिजन, भेन्टिलेटर तथा तत्काल रेफरलको व्यवस्था बिना ग्रामीण स्वास्थ्य प्रणाली प्रभावकारी हुन सक्दैन।

भगवानपुरका यी दुई बालकको उपचारमा स्थानीय युवाहरूले डिजिटल अभियानमार्फत तीन लाख रुपैयाँभन्दा बढी संकलन गर्नु समाजमा अझै मानवीयता बलियो रहेको प्रमाण हो। विकास शारदा, जयकिशोर यादव, रामउदगार महतो लगायत विभिन्न व्यक्तिले सहयोग गर्नु पनि अनुकरणीय छ। विपत्तिमा छिमेकीको पीडा आफ्नो पीडा ठानेर सहयोग गर्नु हाम्रो सामाजिक संस्कारको सुन्दर पक्ष हो।

तर यहाँ एउटा गम्भीर प्रश्न उठ्छ, विपन्न परिवारका बालबालिकाको जीवन बचाउन सामाजिक चन्दा संकलनकै भर पर्नुपर्ने अवस्था कहिलेसम्म रहने? उपचारका लागि सहयोग जुटाउनु तत्कालीन मानवीय आवश्यकता हो, तर स्वास्थ्य अधिकार सुनिश्चित गर्ने जिम्मेवारी राज्यको हो। कुनै नागरिकको आर्थिक अवस्था कमजोर भएकै कारण उसको उपचार जोखिममा पर्नु हुँदैन। स्थानीय सरकारहरूले सर्पदंशलाई मौसमी समस्या भनेर बेवास्ता गर्नु हुँदैन। हरेक वर्ष वर्षायाम सुरु हुनुअघि स्थानीय तहले आफ्नो क्षेत्रका स्वास्थ्य संस्थाको तयारीको समीक्षा गर्नुपर्छ। एन्टिभेनमको पर्याप्त मौज्दात, स्वास्थ्यकर्मीको तालिम, एम्बुलेन्सको सहज उपलब्धता र गम्भीर बिरामीलाई उच्चस्तरीय अस्पतालसम्म पुर्‍याउने प्रभावकारी संयन्त्र निर्माण गरिनुपर्छ।

त्यसैगरी, सर्पदंशबारे जनचेतना विस्तार गर्न पनि विशेष अभियान आवश्यक छ। घर वरपर झाडी तथा फोहोर नराख्ने, राति हिँड्दा टर्च प्रयोग गर्ने, ओछ्यान तथा बिस्तारा सुरक्षित राख्ने र घरमा सर्प पस्न सक्ने प्वाल बन्द गर्ने जस्ता सामान्य सावधानीले जोखिम घटाउन सकिन्छ। सर्पले टोकेपछि झारफुक, धामीझाँक्री वा घरेलु उपचारमा समय बिताउनुको सट्टा तत्काल स्वास्थ्य संस्थामा पुर्‍याउनुपर्छ भन्ने सन्देश गाउँ–गाउँमा पुर्‍याउन आवश्यक छ।

विद्यालयहरू पनि यस्तो जनचेतनाको महत्वपूर्ण माध्यम बन्न सक्छन्। बालबालिकालाई सर्प चिन्न सिकाउनेभन्दा पनि सर्पले टोकेमा के गर्ने र के नगर्ने भन्ने व्यवहारिक जानकारी दिनुपर्छ। विद्यार्थीमार्फत यस्तो जानकारी परिवारसम्म पुर्‍याउन सकिन्छ। भगवानपुरको घटनाले स्वास्थ्य सेवा र सामाजिक सुरक्षाबीचको सम्बन्धलाई पनि उजागर गरेको छ। विपन्न परिवारलाई आकस्मिक स्वास्थ्य संकटमा तत्काल आर्थिक सहायता उपलब्ध गराउने स्थानीय संयन्त्र हुनुपर्छ। सामाजिक सञ्जालमार्फत चन्दा उठाएर उपचार गराउने व्यवस्था आपत्कालीन अवस्थामा सहयोगी भए पनि यसलाई राज्यको नियमित स्वास्थ्य प्रणालीको विकल्प बनाउन सकिँदैन।

सिरहा, सप्तरी, धनुषा, महोत्तरीलगायत तराईका जिल्लामा सर्पदंशको जोखिमलाई गम्भीरतापूर्वक लिन आवश्यक छ। सीमावर्ती तथा दुर्गम बस्तीमा स्वास्थ्य संस्थाको पहुँच, यातायात र आकस्मिक उपचार सेवा अझ प्रभावकारी बनाउनुपर्छ। एउटा अस्पतालमा औषधि अभाव हुँदा अर्को अस्पतालबाट औषधि खोज्नुपर्ने अवस्था आउनु हुँदैन। आज भगवानपुरका दुई बालकको जीवन बचाउन समाज जुटेको छ। यो एकता प्रशंसनीय छ। तर यस्तो घटना दोहोरिँदा हरेकपटक चन्दा संकलन गर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्छ। सरकार, स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीच समन्वय गरेर सर्पदंश नियन्त्रणको दीर्घकालीन योजना बनाउनुपर्छ।

प्रियांसु र दिव्यांसुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनीहरूको उपचारमा सहयोग गर्ने सबैप्रति सम्मान व्यक्त गरौँ। तर यस घटनाबाट राज्यले पनि पाठ सिक्नुपर्छ। नागरिकको जीवन बचाउनु सहयोग होइन, राज्यको पहिलो जिम्मेवारी हो। सर्पको विषभन्दा खतरनाक हाम्रो स्वास्थ्य प्रणालीको कमजोरी नबनोस् यही आजको मुख्य चिन्ता हो।

# सरकार हाम्रा छोरीहरू कहिलेसम्म असुरक्षित रहने ?



डा. अबुल हुसेन अन्सारी

निदाइरहेको सरकार र समाजको चेतनालाई हल्लाउने गरी घटेको एउटा अकल्पनीय र जघन्य अपराधले अहिले हरेक संवेदनशील नागरिकको मुटु चिरिएको छ। तीन वर्षकी, न्याय र अन्याय छुट्याउनसमेत नजान्ने, बाबाआमाको काखमा खेलीबुटी हुर्कनु पर्ने जितपुरसिमरा उपमहानगरपालिका–१ दसधुरेकी तीन बर्सिया बालिका गरिमा चौधरीमाथि बलात्कारपछि गरिएको हत्याको घटनाले स्तब्ध नहुने को होला र ?

जुन देशमा तीन वर्षकी नाबालिकासम्म सुरक्षित छैनन्, त्यहाँका नागरिकले आफू सुरक्षित छु भनेर कसरी महसुस गर्ने ? आज एउटा गम्भीर र टट्कारो प्रश्न हाम्रो सामु खडा भएको छ– खै सरकार ? कुन तहमा छ हाम्रो सामाजिक चेतना ? तीन बर्सिया अबोध बालिका... शब्दहरू लेख्न पनि सहज छैन। कुण्ठित नरपिचासका कारण।

मेरो मनले बारबार प्रश्न गरिरहेको छ– तीन बर्सिया बालिकासमेत सुरक्षित नहुने देशमा कहाँ छ राज्यको उपस्थिति ? कानुनका ठेलीहरू छन्, संसदमा चर्का भाषणहरू भइरहेका छन्, महिला र बालबालिकालगायतका अधिकार सुरक्षित गर्ने ठुला–ठुला प्रतिज्ञा छन्। तर, जब दैनिक रूपमा यस्ता अमानवीय र पाशविक घटनाहरू दोहोरिइरहन्छन्, तब लाग्छ– राज्य केवल कागजी खोस्टा र भाषणमा सीमित छ।

हिजो श्रीमती र आफ्नी नाबालिका छोरी बोकेको गाडी केही बेर रोकिँदा आक्रोश पोख्ने र 'सिंहदरबार जलाइदिन्छु' भन्ने प्रधानमन्त्री बालेन शाह आज सत्ताको उच्च आसनमा छन्। तर, दूधे छोरीहरू बलात्कृत भइरहँदा उनी सबै संवेदनाहरूलाई ताकमा राखेर मुस्ताङ शैरमा छन्। उनको सत्ताको कुर्सीबाट संवेदनाको 'स' समेत चुहिन सकेको छैन। राज्यले कानुनको कडा पालना गर्दै हदैसम्मको कारबाही गरे यस्ता आपराधिक मानसिकता भएकाहरू डराउँथे होला। तर, त्यसतर्फ सरकारको ध्यान नै गएको छैन।

कसरी स्टन्ट गरेर जनतामा भ्रम छरिराख्ने र लोकप्रियता हासिल गरिराख्ने भन्नेमा मात्र सरकार, सरकारका मन्त्री तथा सत्तासिन दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रित छ। जनताको रास्वपाप्रति ठुलो आसा थियो। पुराना राजनीतिक दलले आश्वासन धेरै बाँडे, काम गर्न सकेनन् भन्ने जनताको गुनासो थियो। त्यही आक्रोसले जनताले 'चुपचाप घण्टी छाप' भन्दै रास्वपाको चुनाव चिन्हमा मतदान गरे। सरकारले आफ्ना नागरिकको पक्षमा तत्काल 'एक्सन' गर्छ भन्नेमा उनीहरू आशावादी थिए। तर, जनताको आसा अनुसार काम हुन सकेको छैन।

अपराधको शृंखला थप बढ्दो छ। महँगीले आकाश छोएको छ। जनतालाई ग्यास पाउनै सकस छ। विभिन्न दलका ठुला नेताहरूलाई समात्ने र तर्साउने खेल भने अनवरत चलिरहेकै छ। तर, पक्राउ गर्नुको आधार पुष्टि गर्न नसकेकै कारण अदालतले उनीहरूलाई छोडिदिने गरेको छ। यसबाट प्रस्ट हुन्छ– यो सरकार सस्तो लोकप्रियता कमाउन बाहेक अरू कुनै काममा सफल छैन। डरलाग्दो कुरा त के भने प्रहरी र स्थानीय तीन दिनदेखि हराइरहेकी बालिकाको खोजीमा हिँडिरहेका थिए। उनीसँगै अभियुक्त जीतपुर–सिमरा–२ का १६ वर्षीय किशोर पनि सँगै थिए। उनी त्यही भीडमा करुणा जनाइरहेका थिए। खोजीमा सहयोग गरिरहेका थिए, आफूलाई केही थाहा नभएको ढोङ निपूर्णतासाथ गरिरहेका थिए।




तर, तालिम प्राप्त कुकुरले ती किशोरतर्फ सङ्केत गरेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएर सोधपुछ सुरु गर्‍यो। घटना हो, ३१ साउनको। बिहान करिब साढे ८ बजे बालिका घरबाट हराएकी थिइन्। बालिका जितपुरसिमरा–२ स्थित सरस्वती आधारभूत विद्यालयमा हालै 'प्ले ग्रुप' मा भर्ना भएकी थिइन्। ती किशोरले बालिकालाई चकलेटको प्रलोभन देखाएर सुनसान घरमा लगेको प्रहरीलाई बयान दिएका थिए। त्यही घरमा उनले बालिकामाथि जबरजस्ती करणी गरे। अबोध बालिका बेहोस भइन्। उनी घटनास्थलबाट फरार भए। परिवार र प्रहरीले तीन दिनसम्म खोजिरहेको थियो तर फेला परेकी थिइनन्। खाली घरबाट दुर्गन्ध आउन थालेपछि स्थानीयले शङ्का गरी घरभित्र खोजी गर्दा बालिकाको शव फेला परेको थियो।

यस्तो जघन्य अपराध घट्दासमेत सरकार थोरै पनि संवेदनशील देखिएन। 'हाम्रा छोरीहरू कहाँ सुरक्षित छन् ?' भन्दै नागरिक सडकमा उत्रिए। तर, महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालयदेखि गृह प्रशासनसम्मका जिम्मेवार निकायहरू केवल तमासा हेरेर बसिरहे। पीडित परिवारका आमाबुबासँग भुइँमा बसेको गृहमन्त्रीको फोटो सार्वजनिक हुनु त्यसैको निकृष्ट नमुना हो। सरकारका मन्त्रीहरू संवेदनशील घडीमा समेत स्टन्ट गर्न पछि पर्दैनन्। हामीले त्यही देख्यौँ। जबकि मन्त्रीहरूका सतही स्टन्टबाजी भन्दा बढी पीडित आमाको भक्कानो र रित्तिएको काखको पीडा अकल्पनीय ठुलो छ।

नागरिकका पीडामा सरकार उनीहरूकै घर–दैलोमा पुग्नुपर्नेमा, यसको ठिक विपरीत पीडितहरू नै सरकार खोज्दै सिंहदरबार पुगे। गृहमन्त्रीले शनिवार पीडितहरूसँग तीन बुँदे सहमति गरे। जघन्य आपराधिक घटनामा नागरिकको अपेक्षाअनुसार विद्यमान कानुनमा रहेको कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेस गर्ने सहमति सरकारले गरेको छ। यसका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात सदस्यीय 'गरिमा न्याय सङ्कल्प समिति' गठन गरिने भनिएको छ। पीडित परिवारको अपेक्षाअनुसार बालिका गरिमा चौधरीको सालिक निर्माण गर्न पूर्वाधार विकास मन्त्रालयले स्थानीय तहसँग समेत समन्वय गरी पहल गर्ने सहमति भएको छ।

पीडित बालिकाको अभिभावकले आफ्नो रीतिरिवाज तथा संस्कारअनुसार अन्त्येष्टि कार्य गर्ने विषयमा सहमति भएको छ। सहमति पत्रमा नेपाल सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकास मन्त्री सुनिल लम्साल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री साविता गौतम, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादी तथा कृषि, वन तथा वातावरण मन्त्री गिला चौधरीले हस्ताक्षर गरेका छन्।

पीडित परिवारका तर्फबाट गरिमा चौधरीका बुवा मनोजकुमार चौधरी र आमा मीनमती चौधरीले सहमति पत्रमा हस्ताक्षर गरेका छन्। सहमति अनुसार निर्णय कार्यान्वयन भए त ठिकै हो, नत्र मध्यराति मनोजकुमार र मीनमतीका आँसुको हस्ताक्षर व्यर्थ हुनेछ। यो केवल एउटा परिवारको मात्र पीडा होइन, सम्पूर्ण सभ्य समाजको लज्जा र राज्यको चौतर्फी असफलताको जिउँदो दसी हो। नेपालमा बालबालिका तथा महिलामाथि हुने बलात्कार र यौनजन्य हिंसाका घटनाहरू दिनप्रतिदिन बढिरहेका छन्। यस्ता घटना घट्नुमा सामाजिक र संरचनागत कारणहरू जिम्मेवार छन्।

कानुनको प्रभावकारी कार्यान्वयन र दण्डहीनता यसको प्रमुख कारण हो। अपराध गरेपछि सजायबाट उम्कन सकिन्छ भन्ने मानसिकताले अपराधीहरूमा कानुनको डर समाप्त हुँदै गएको छ। नैतिक पतन र सामाजिक विखण्डन पनि यस्ता घटनाको अर्को प्रधान कारण हो। सामाजिक सञ्जालको अवाञ्छित प्रयोग र मदिरा तथा लागूपदार्थको दुर्व्यसनले युवा पुस्ताको मानसिक सन्तुलन बिगारिरहेको छ। यसले उनीहरूलाई यस्ता जघन्य अपराधको बाटोमा डोर्‍याउन सघाइरहेको छ।

पितृसत्तात्मक सोच र शक्ति असन्तुलनका कारण पनि अपराधको दर बढ्दो छ। समाजमा अझै पनि कमजोर वर्ग, महिला र बालबालिकामाथि शक्ति वा अधिकारको दुरुपयोग गर्ने प्रवृत्ति विद्यमान छ। यसले अपराधको दर बढाउँदै लगेको छ। संवेदनहीन न्याय प्रणालीले अनुसन्धानमा ढिलासुस्ती गर्ने, प्रमाण नष्ट हुने सम्भावना र पीडितलाई न्याय दिनको लागि हुने अनावश्यक कागजी प्रक्रियाले अपराधीहरूलाई थप मलजल पुर्‍याएको छ।

अब सामान्य कानुनी सुधारले मात्र यस्ता घटना न्यूनीकरणमा टेवा पुग्दैन। यस्ता जघन्य अपराधलाई जरोदेखि उखेल्न राज्यले कठोर कदम र कानुनको पालना गर्नैपर्छ। सरकारले त्यसका लागि फास्ट ट्र्याक अदालतको अवधारणा अगाडि बढाउनुपर्छ। बाल बलात्कार र जघन्य हत्याका मुद्दाहरूको सुनुवाइ गर्न विशेष फास्ट ट्र्याक अदालत गठन गरी महिना दिनभित्र फैसला आउने कानुनी व्यवस्था गरिनुपर्छ।

जघन्य मानवीय अपराधमा कठोरतम सजायको सुनिश्चिततासमेत अपरिहार्य विषय बनेको छ। यस्ता अमानवीय अपराधमा कुनै पनि किसिमको उन्मुक्ति वा सजाय छुट नहुने गरी जन्मकैद वा आजीवन कारावासको कडा कानुन हुनुपर्छ। साथै स्थानीय तहसम्मै विशेष बाल सुरक्षा र मनोसामाजिक परामर्शसहितको सशक्त प्रहरी संयन्त्र निर्माण गरिनुपर्छ।

चेतना र शिक्षाको विकास विद्यालय तवरबाटै बाल अधिकार, गुड टच/ब्याड टच र नैतिक शिक्षा अनिवार्य गरिनु पर्छ भने समाजमा जनचेतनामूलक अभियान चलाउनै पर्ने देखिएको छ। यस्तो गरियो भने मात्र अपराधका घटनामा कमी आउन सक्ला। अब मौन बस्ने छुट कसैलाई छैन। यदि अब पनि सरकारले यस्ता जघन्य अपराधका दोषीहरूलाई सार्वजनिक गरी कडाभन्दा कडा सजायको भागीदार बनाउँदैन भने, यो समाजमा कानुन हुनु र नहुनुको अर्थ रहँदैन। रातोपाटीबाट

*विद्युत्...*

स्थानीय रामबाबु रायले गुनासो गरे। 'त्यो विषयमा स्थानीय जनप्रतिनिधिले पनि सर्वसाधारणको समस्याप्रति नजरअन्दाज गरेका छन्,' उनले भने।

प्राधिकरणको मिर्चैया वितरण केन्द्रका पवनकुमार साहले गोलबजारस्थित फिल्ड कार्यालयबाट चोहर्वा क्षेत्रमा विद्युत् प्रसारणलाइनमा परेका रुख काट्ने, पोल सार्नेलगायतका काम गरिएकाले शनिबार साँझसम्म विद्युत् अवरुद्ध भएको जानकारी दिए। गोलबजारस्थित फिल्ड कार्यालयका केवल बडुवालले विद्युत् भार तलमाथि हुँदा वेला–वेला विद्युत् आउने–जाने भइरहेको जानकारी दिँदै आइतबार बिहानदेखि विद्युत् आपूर्ति नियमित भएको बताए।

*ब्राउनसुगरसहित...*

प्रहरीले उक्त ब्राउनसुगरसहित नियन्त्रणमा लिएको हो।

पूर्वबाट पश्चिम तर्फ गईरहेको मधेश प्रदेश ०१–००५ प २४१३ नम्बरको मोटरसाइकलमा सवारहरुमाथि संकालागि चेकजाँच गर्दा मोटरसाइकलका चालकसमेत रहेका यादवको साथबाट उक्त ब्राउनसुगरसहित २ हजार ९२० रुपैयाँ नगद, दुई थान मोबाईलसमेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश वहादुर पालले जानकारी दिए। प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गररहेको जनाएको छ।

*सौतेनी विवादमा...*

घण्टा पछि नै मृत भेटिएकी थिइन्। घर पछाडिको झाडीमा भेटिएको शव प्रहरीले पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पठाएको छ। मोहम्मद इरफानकी जेठी पत्नी र कान्छीको बिचमा विवाद भएको थियो।

शनिबार दुई पत्नीको बिचमा सौता लाग्न आएको विषयमा विवाद भएको स्थानीयहरूले बताएका छन्। 'सम्पत्तिको हकदार को हुनेरु' भन्नेबारे पनि दुई जनाको बिचमा विवाद भएको थियो।

पुख्यौली घरमा इरफानका जेठी पत्नी र छोरी बस्दै आएका थिए। कान्छी पत्नी सोही ठाउँ नजिकै डेरा लिएर बस्दै आएकी थिइन्। प्रारम्भिक अनुसन्धानबाट मुस्कानले हत्या गरेको देखिएको एसपी खड्काले बताए। उनले भने, 'घाउचोट देखिँदैन, हत्यामा एक जनाको मात्रै संलग्नता देखिन्छ।'

नाबालिका हराएको सूचना पाएपछि प्रहरीले तत्काल खोजतलास सुरु गरेको थियो। हत्याको विरोधमा स्थानीयले आइतबार दिउँसो केहीबेर रुपनी बजार बन्द गराए। अहिले रुपनी बजार र राजमार्गको अवरोध हटेको छ।

# संघीय सरकार मातहतका चिकित्सक–स्वास्थ्यकर्मी : काजमा मधेश बस्छन्, फिर्ता हुन मान्दैनन्

संघीय सरकारले दरबन्दी भएको ठाउँमा काज फिर्ता हुन पत्र पठाउँदा पत्र नै लुकाउने, फिर्ता हुन नचाहने, सोर्स–फोर्स लगाउने र सम्बन्धित मन्त्रालयसँग चलखेल गर्ने प्रवृत्ति देखिएको छ।

**शैलेन्द्र महतो**




जनकपुरधाम, ७ भदौ। संघीय सरकार मातहतका चिकित्सक वरिष्ठ कन्सल्ट्यान्ट सर्जन (अधिकृत दशौँ) डा. नागेन्द्र यादवलाई आफ्नै दरबन्दी रहेको चितवनस्थित भरतपुर अस्पतालमा फिर्ता हुन १ असारमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले पत्राचार गऱ्यो। डा. यादव मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत प्रदेश आपूर्ति केन्द्र, मधेश प्रदेश र जनस्वास्थ्य प्रयोगशालाको प्रमुखको दोहोरो जिम्मेवारीमा छन्। उनी आफ्नो दरबन्दी रहेको चितवनको भरतपुर अस्पतालमा काज फिर्ता हुन मानेनन्।

त्यसको एक महिनापछि ३१ असारमा पुनः संघीय सरकारको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले मधेशको स्वास्थ्य मन्त्रालयलाई पत्राचार गऱ्यो। '...दरबन्दी रहेको निकाय भरतपुर अस्पताल, चितवनमा काज फिर्ता गरिएकोमा हालसम्म पनि हाजिर हुन नगएको भन्ने बुझिन आएकोले तत्काल रमाना दिई पठाउनुहुन अनुरोध छ,' मन्त्रालयको दोस्रो पत्रमा उल्लेख छ। मधेशको स्वास्थ्य मन्त्रालयले ३ भदौमा २४ घण्टे अल्टिमेटमसहित तत्काल डा. यादवलाई रमाना दिई पठाउन प्रदेश आपूर्तिलाई पत्र पठायो। स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवका अनुसार उनले १५ भदौदेखि लागु हुने गरी रमाना पत्र बुझेका छन्।

डा. नागेन्द्र यादव एउटा उदाहरण मात्र हुन्। उनी जस्ता संघीय सरकारको दरबन्दी भएका धेरै चिकित्सक मधेश प्रदेशका निकायमा काजमा आई अड्डा जमाएर बसेका छन्। विशेषतः चिकित्सकहरू मधेश प्रदेशको राजधानी जनकपुरधाममा काजमा बस्ने, कुनै निकायको कार्यालय प्रमुख बन्ने, बजेट चलाउने र अस्पताल तथा क्लिनिक चलाउने काम गरिरहेका छन्। संघीय सरकारले दरबन्दी भएको ठाउँमा काज फिर्ता हुन पत्र पठाउँदा पत्र नै लुकाउने, फिर्ता हुन नचाहने, सोर्स–फोर्स लगाउने र सम्बन्धित मन्त्रालयसँग चलखेल गर्ने प्रवृत्ति देखिएको छ।

**चलखेल गर्नेलाई दोहोरो जिम्मेवारी, इमान्दार कर्मचारी जिम्मेवारीविहीन**

संघीय सरकारका निकायमा दरबन्दी रहेका यस्ता प्रवृत्तिका चिकित्सकलाई फर्काउन मधेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मुख्यमन्त्री कार्यालयलाई पत्राचार गरेको छ। संघीय सरकारको दरबन्दी भएर मधेशमा काज आएका कर्मचारीलाई मुख्यमन्त्री कार्यालयबाटै काज सरुवा तथा खटनपटन गराउने गरिन्छ। तर मुख्यमन्त्री कार्यालयमै सरकार तथा कर्मचारीसँग रकम तथा पावरको चलखेल गरी काज लम्ब्याउने गरेको पाइएको छ।

रकम तथा पावरको चलखेल गर्नेहरूलाई रुचाएकै ठाउँमा दोहरो जिम्मेवारी दिने गरिएको छ। यस कारण कैयौँ चिकित्सक र कर्मचारीले आफूले रुचाएको ठाउँमा काजमा बस्ने र जिम्मेवारी पाउने गरेका छन्। चलखेल नगर्ने नचाहने इमान्दार तथा निष्ठावान आफ्नै कर्मचारीलाई मधेश सरकारले थन्क्याएर राख्ने गरेको छ। यसको उदाहरण हो, जनस्वास्थ्य प्रशाक डा. श्रवण नायक। उनलाई सरकारले करिब डेढ वर्षदेखि मुख्यमन्त्री कार्यालयमा अतिरिक्तमा राखेर थन्क्याएको छ।

स्वास्थ्य निर्देशनालयबाट ७ वैशाख २०८२ मा मुख्यमन्त्री कार्यालयमा राखिएका उनलाई अहिलेसम्म जिम्मेवारी दिइएको छैन। 'मलाई सरकारले डेढ वर्षदेखि मुख्यमन्त्री कार्यालयमै अतिरिक्तमा थन्क्याएर राखेको छ। धेरै आग्रह गर्दा पनि मलाई कुनै ठाउँमा पठाइएन। जिम्मेवारी दिइएन,' उनले भने। संघीय सरकरकै कर्मचारी तथा विवादित पृष्ठभूमिका दशौं तहका डा. नागेन्द्र यादवलाई दुई निकायमा प्रमुखको जिम्मेवारी दिनु र आफ्नै कर्मचारीलाई जिम्मेवारीविहीन बनाएर मुख्यमन्त्री कार्यालयमा थन्क्याएर राख्नुले सरकारको चरित्र उजागर गर्छ।

'मधेशको निकायमै दामअनुसार कार्यालय र जिम्मेवारी तोकेर पठाइन्छ। चलखेल गर्ने मालामाल, नगर्नेलाई श्रवण नायक जस्तो हाल,' मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले भने। कांग्रेसबाट मुख्यमन्त्री भएका कृष्णप्रसाद यादव मात्र होइन, जनमतका मुख्यमन्त्री सतिशकुमार सिंह, जसपाका मुख्यमन्त्री सरोजकुमार यादवले पनि जनस्वास्थ्य प्रशासक नायकलाई कार्यालयमै थन्क्याएका थिए। लामो समय जिम्मेवारीविहीन बनाएका थिए।

**दरबन्दी संघमा, रजाइँ प्रदेशमा**

डा. नागेन्द्र यादव जस्ता संघीय सरकारका कर्मचारीहरूको कारण प्रदेशमा समायोजन भई बढुवा भएका चिकित्सक तथा कर्मचारी अवसरबाट वञ्चित हुने गरेको स्वास्थ्य मन्त्रालयले मुख्यमन्त्री कार्यालयलाई साउन २८ गते लेखेको पत्रमै उल्लेख छ। यसरी नेपाल सरकारका चिकित्सक तथा स्वास्थ्यकर्मी भई मधेश सरकारको निकायमा दरबन्दीमा रहेकाहरूको फेहरिस्त लामो छ। स्वास्थ्य मन्त्रालयले मुख्यमन्त्री कार्यालयलाई पठाएको पत्रमा यस्ता ३३ जना चिकित्सक तथा स्वास्थ्यकर्मीको नाम उल्लेख छ।

जसमा पहिलो नम्बरमा एघारौँ तहका वरिष्ठस्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रामनरेश पण्डितको नाम छ। काठमाडौंको थापाथलीस्थित प्रसूति गृहमा दरबन्दी रहेका उनी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन्। उनी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नियुक्त रेक्टर हुन्। यस्तै, मधेशको स्वास्थ्य निर्देशनालयमा रहेका दशौँ तहका सहप्रमुख मेडिकल ल्याब टेक्नोलोजिस्ट रामविनय साहको दरबन्दी वीर अस्पताल, काठमाडौँमा छ। उनी पनि लामो समयदेखि मधेशमा काजमा बस्दै आएका छन्।

दशौँ तहका जनरल फिजिसियन डा. मनीष पाण्डे र ग्यास्ट्रोइन्टेरोलोजिस्ट डा. रामदेव चौधरी लामो समयदेखि प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन्। पाण्डेको दरबन्दी नारायणी अस्पताल, वीरगञ्जमा छ भने चौधरीको कोसी अस्पताल, विराटनगरमा छ। दशौँ तहका अ.क. डर्माटोलोजिस्ट डा. जयप्रकाश पण्डितको दरबन्दी गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा छ भने उनी लामो समयदेखि प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन्।

यस्तै, आठौँ तहका मेडिकल अधिकृतहरू डा. विपिनकुमार यादव, डा. दिग्विजयकुमार ठाकुर, डा. मोहम्मद अली अकबर राइन प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन्। यादवको दरबन्दी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा, ठाकुरको जिल्ला अस्पताल, ताप्लेजुङमा र राइनको नारायणी अस्पताल, पर्सामा छ। प्रादेशिक अस्पताल मलंगवामा कार्यरत आठौं तहका मेडिकल अधिकृतद्वय डा. कृष्णजंग साह र डा. सचिन यादव पनि काज फिर्ता गराउनुपर्ने सूचीमा छन्। साहको दरबन्दी ट्रमा सेन्टर, वीर अस्पतालमा छ भने यादवको थापाथलीस्थित प्रसूति गृहमा छ।

त्यस्तै, स्वास्थ्य निर्देशनालयमा काजमा रहेका आठौँ तहका मेडिकल अधिकृत विपिनकुमार पाण्डेको दरबन्दी गजेन्द्रनारायण सिंह अस्पतालमा छ।

आयुर्वेदका आठौँ तहका डा. महारुद्रकुमार ठाकुर र अनिलकुमार यादवको दरबन्दी संघमा रहे पनि प्रदेशमा कार्यरत रहेको उल्लेख छ। संघीय सरकारको दरबन्दीमा रहेका सातौँ, छैटौँ, पाँचौँ र चौथो तहका स्वास्थ्यकर्मीहरू पनि मधेश सरकारका विभिन्न निकायमा काजमा लामो समयदेखि कार्यरत छन्। जनस्वास्थ्य अधिकृत सातौँ तहका अशोकलाल कर्णको दरबन्दी गणेशमान चारनाथ नगरपालिकामा र रामबाबु ठाकुरको स्वास्थ्य मन्त्रालय, काठमाडौँमा रहे पनि दुवैजना स्वास्थ्य कार्यालय धनुषामा कार्यरत छन्।

छैटौँ तहका सीअहेव दिपेशकुमार मिश्रको दरबन्दी जलेश्वर कारागार, महोत्तरीमा रहे पनि उनी स्वास्थ्य निर्देशनालयमा कार्यरत छन्। छैटौँ तहका वरिष्ठ ल्याब अधिकृत निरेन्द्रकुमार चौधरी र रामउजगार कमैत तथा पाँचौँ तहकी स्टाफ नर्स रिना यादव लहान प्रादेशिक अस्पतालमा कार्यरत छन्। चौधरी र कमैतको दरबन्दी स्वास्थ्य मन्त्रालय, काठमाडौँमा छ भने यादवको ट्रमा सेन्टर, वीर अस्पतालमा रहेको उल्लेख छ।

शुक्रराज ट्रपिकल अस्पताल, काठमाडौँमा दरबन्दी रहेका छैटौँ तहका जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झा काजमा स्वास्थ्य तालिम केन्द्र, बारामा कार्यरत छन्। संघीय सरकारकै दरबन्दीमा रहेका छैटौँ तहका स्वास्थ्यकर्मीहरू शिवजी दास, नागेश्वर यादव तथा पाँचौँ तहका सञ्जयकुमार मण्डल, सुमितकुमार पाण्डेय, बालेश्वरप्रसाद यादव र सम्भुप्रसाद कुशवाहा जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषामा कार्यरत रहेको उल्लेख छ।

संघकै दरबन्दीमा स्थानीय तहमा रहेका पाँचौँ तहका सी.अनमी सरिताकुमारी यादव मधेशको स्वास्थ्य निर्देशनालय र हेल्थ असिस्टेन्ट अनिल अधिकारी प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा कार्यरत छन्। पाँचौँ तहका शंकरप्रसाद साह पनि यतै कार्यरत छन्। यीमध्ये अधिकांश कर्मचारी प्रदेश सरकार मातहतमा रहेको प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन् भने स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मलंगवा अस्पताल, लहान अस्पताल तथा स्वास्थ्य कार्यालय धनुषामा कार्यरत छन्।

स्वास्थ्य मन्त्रालयका सचिव डा. यादवले तीन वर्षदेखि संघीय सरकारको स्वास्थ्य मन्त्रालयले पटकपटक पत्र लेखेर ताकेता गर्दा पनि जान नचाहेको बताए। 'तीन वर्षदेखि ताकेता गर्दा पनि फर्किन चाहनुभएको छैन। पत्र लुकाउने प्रवृत्ति छ,' उनले भने।

**अब यी पदका चिकित्सक/स्वास्थ्यकर्मी नपठाउन आग्रह**

स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवका अनुसार प्रदेश स्थापना हुँदा संघीय कर्मचारी तीन वर्षसम्म मात्र काजमा काम गर्न पाउने र त्यसपछि प्रदेश सरकारले आफैं व्यवस्थापन गर्ने समायोजन ऐन २०७५ मा उल्लेख छ। 'तर, अहिलेसम्म धेरै कर्मचारी फिर्ता हुन चाहेका छैनन्। अति आवश्यक पदका चिकित्सक आवश्यकताको आधारमा आउँदा हुन्छ। तर जुन पदका छँदै छन्, त्यो किन चाहियो। लोकसेवा आयोगले पदपूर्ति गर्छ,' स्वास्थ्य मन्त्रालयले मुख्यमन्त्री कार्यालयलाई पठाएको पत्रमा उल्लेख छ।

कर्मचारी समायोजन भइसकेपछि वर्षौंसम्म संघीय कर्मचारी नफर्किंदा प्रदेशका कर्मचारी अवसरबाट वञ्चित भएको पत्रमा उल्लेख छ। 'प्रदेशमा समायोजन भएका कर्मचारीको वृत्तिविकास प्रदेश स्तरमै सीमित रहेको अवस्थामा हाल प्रदेशकै एघारौं, दशौं, नवौं, आठौं लगायतका विभिन्न तह तथा पदका कर्मचारी पर्याप्त हुँदाहुँदै संघबाट लामो समयदेखि काजमा प्रदेशमा खटिदै आएका कर्मचारीहरूले मधेश प्रदेश छोड्न नचाहेको र विभिन्न पदमा चलखेल गरी प्रदेशका कर्मचारीहरूको अवसर खोसी अधिकार हनन् भएको जानकारी तथा गुनासो पटकपटक प्राप्त भएको' पत्रमा उल्लेख छ।

ती कर्मचारीहरूको यथाशीघ्र काज फिर्ता गरिदिन र अब उप्रान्त नपठाइदिन हुन पत्रमा आग्रह गरिएको छ। 'उक्त तह तथा पदको संघीय कर्मचारीहरूको यस प्रदेशमा आवश्यकता नरहेकोले अब उप्रान्त नपठाई संघीयता तथा सुशासनको प्रत्याभूतिमा सहयोग गरिदिनुहुन अनुरोध छ। साथै कर्मचारीहरूको विवरण यसै पत्रसाथ संलग्न गरी पठाएको बेहोरासमेत अनुरोध छ,' पत्रमा उल्लेख छ। मुख्यमन्त्री कार्यालयका सूचना अधिकारी रोहित कोइरालाले भने स्वास्थ्य मन्त्रालयबाट आएको पत्रबारे आफू जानकारी नरहेको बताए। यद्यपि, डा. श्रवण नायकको विषयमा सरकार लचक रहेको र अब जिम्मेवारी दिने कुरा भइरहेको उनको भनाइ छ।

अनलाइन खबरबाट

# सिरहा क्याम्पसमा विद्यार्थी संख्या घट्दो, पुरानो साख फर्काउन चुनौती



**जीवछ यादव**

लहान, ७ भदौ। एक समय सिरहा जिल्लामै उच्च शिक्षाको प्रमुख गन्तव्य मानिएको सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी क्याम्पसमा पछिल्लो समय विद्यार्थी संख्या निरन्तर घट्दै गएको छ। विद्यार्थी आकर्षण कम हुँदै जाँदा क्याम्पसको पुरानो साख फर्काउनु चुनौतीपूर्ण बनेको छ। विसं २०३९ सालमा स्थापना भएको यस क्याम्पसमा एक समय शिक्षा संकायमा भर्ना हुन सोलुखुम्बु, खोटाङ, उदयपुर, भोजपुरलगायत पहाडी जिल्लादेखि सप्तरी, धनुषा र महोत्तरीसम्मका विद्यार्थीको ठुलो चाप रहन्थ्यो। २०६२ सालसम्म करिब सात हजार विद्यार्थी भर्ना भएकामध्ये छ हजारभन्दा बढी विद्यार्थी सिरहा आसपासका गाउँमा बस्दै तथा ट्युसन पढाएर आफ्नो खर्च व्यवस्थापन गर्दै नियमित कक्षामा सहभागी हुने गर्दथे।

त्यतिबेला नियमित कक्षा सञ्चालनका लागि क्याम्पसमा १४२ जना प्राध्यापक तथा कर्मचारी कार्यरत थिए। हाल यो संख्या घटेर २५ जनामा सीमित भएको छ। क्याम्पस प्रमुख राजेश्वरप्रसाद यादवका अनुसार विद्यार्थी संख्या घट्नुको मुख्य कारण मधेशका अधिकांश क्याम्पसले भोगिरहेको साझा समस्या हो। “प्रविणता प्रमाणपत्र तह (पीसीएल) हटाइएपछि कक्षा ११ र १२ गाउँगाउँमा सञ्चालन हुन थाले। त्यसपछि क्याम्पसमा विद्यार्थी संख्या एकाएक घट्यो। एसइईपछि अधिकांश विद्यार्थी काठमाडौँ, विराटनगरलगायतका सहरतर्फ जान थालेका छन्। पहाडी जिल्लामै क्याम्पस स्थापना भएपछि बाहिरबाट आउने विद्यार्थी पनि घटेका छन्,” उहाँले भन्नुभयो।

उहाँका अनुसार सिरहा क्याम्पस आसपासमै आधा दर्जनभन्दा बढी कक्षा ११ र १२ सञ्चालनमा छन्। क्याम्पसको भर्ना रजिस्टरमा करिब दुई हजार विद्यार्थीको नाम भए पनि नियमित रूपमा कक्षामा सहभागी हुने विद्यार्थीको संख्या अत्यन्त न्यून रहेको छ। वाणिज्य संकाय र बीएड अन्तर्गत सञ्चालित पीजीडीई कार्यक्रमबाहेक अन्य संकायमा विद्यार्थीको उपस्थिति कमजोर छ। विशेषगरी शिक्षा संकायमा भर्नादर निरन्तर घट्दै गएको छ।

प्राध्यापक अशोक यादवले क्याम्पसको पुरानो साख फर्काउन पीसीएल तह पुनः सञ्चालन गर्नु आवश्यक रहेको बताउनुभयो। “सिरहा क्याम्पसको पुरानो पहिचान पुनः स्थापित गर्न प्रविणता प्रमाणपत्र तह पुनः सञ्चालन गर्नुको विकल्प देखिँदैन,” उहाँले भन्नुभयो। साढे पाँच बिघा क्षेत्रफलमा फैलिएको क्याम्पसको खेलमैदान अहिले गाईभैँसी चराउने स्थलजस्तै बनेको छ। दक्षिणतर्फ रहेको छात्रावास जीर्ण अवस्थामा पुगेको छ। एक समय सयभन्दा बढी विद्यार्थी बस्ने छात्रावासमा पुनः विद्यार्थी बस्ने सम्भावना न्यून रहेको अधिकांश प्राध्यापकको बुझाइ छ।

क्याम्पसभन्दा बाहिर निर्माण भएको सडकको सतह क्याम्पसभन्दा अग्लो भएकाले बजार क्षेत्रको वर्षाको पानी क्याम्पस परिसरमा जम्मा हुने गरेको छ। जसका कारण वर्षायाममा क्याम्पसको अगाडि–पछाडि पानी भरिने समस्या देखिएको छ। स्थानीयवासीका अनुसार २०६२ सालपछि क्याम्पसमा व्यवस्थापकीय कमजोरी र शैक्षिक अनुशासनमा आएको गिरावटले पनि विद्यार्थी बाहिरिने क्रम बढाएको हो। “बायोमेट्रिक हाजिरी गरेर दिनभर अन्य काममा लाग्ने प्रवृत्ति बढ्यो। विद्यार्थीलाई नियमित पढाउने वातावरण बन्न सकेन। राजनीति र विभिन्न पक्षको हस्तक्षेपले क्याम्पसको अवस्था कमजोर बन्दै गयो,” स्थानीयवासीले गुनासो गरे।

एक करोड रुपियाँभन्दा बढी लागतमा निर्माण सुरु गरिएको परीक्षा भवन अनियमितताको आरोपपछि अलपत्र परेको छ। यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ। आवश्यक मापदण्ड पूरा हुन नसक्दा क्याम्पस विश्वविद्यालय अनुदान आयोगको सुविधाबाट समेत वञ्चित भएको जनाइएको छ। सिरहा नगरपालिकाले पाँच लाख रुपियाँको लागतमा निर्माण गर्न थालेको पर्खालसमेत पूरा हुन सकेको छैन।

यद्यपि पछिल्लो समय केही सुधारका प्रयास भएका छन्। स्थापना कालमै निर्माण गरिएको ३५ कोठे भवनको दोस्रो तलाको मर्मतमा ४८ लाख रुपियाँ खर्च गरिएको छ। प्रदेश सरकारबाट प्राप्त २५ लाख रुपियाँबाट छात्रावास मर्मत भइरहेको छ। त्यस्तै २५ लाख रुपियाँमा शौचालय निर्माण तथा तीन लाख ५० हजार रुपियाँमा रङरोगन गरिएको छ। वर्तमान सरकार गठनपछि क्याम्पस सुधारको माग चर्किएसँगै निमित्त क्याम्पस प्रमुख ब्रह्मदेव यादवले कर्मचारी तथा प्राध्यापकलाई नियमित उपस्थित हुन, जिम्मेवारीअनुसार कक्षा सञ्चालन गर्न तथा पूर्वस्वीकृतिबिना बाहिरी काम नगर्न सचेतपत्र जारी गर्नुभएको छ।

स्थानीय राजकिशोर यादवका अनुसार त्यसपछि केही सकारात्मक सुधार देखिन थालेको छ। उहाँले कतिपय सङ्कायमा अवकाशप्राप्त प्राध्यापकको रिक्त पदमा नयाँ नियुक्ति नभएको र क्याम्पसमा अझै पनि अनियमितताका समस्या रहेको बताउनुभयो। “पुरानो साख फर्काउन अझै धेरै काम गर्न बाँकी छ। वर्तमान गतिले मात्र त्यो सम्भव देखिँदैन,” उहाँले भन्नुभयो।

# सरकारसँग सहमतिपछि गरिमाको अन्त्येष्टि



**इन्दीप कोइराला**

बारा, ७ भदौ। बारामा बलात्कारपछि हत्या गरिएकी तीन वर्षीया बालिका गरिमा चौधरीको आइतबार अन्त्येष्टि गरिएको छ। हत्याको विरोधमा चार दिनदेखि जारी सडक–संघर्ष सरकार र पीडित परिवारबिच शनिबार मध्यरातमा सहमति भएपछि परिवारले आइतबार बालिकाको शव बुझेका थिए।

गरिमाको शव गत मंगलबारदेखि बारा सदरमुकाम कलैयास्थित प्रादेशिक अस्पतालको शवगृहमा राखिएको थियो। घटनाको सत्यतथ्य छानबिन, दोषीलाई कडा कारबाही र न्यायको माग गर्दै परिवार तथा स्थानीयले बुधबारदेखि वीरगन्ज–पथलैया सडकखण्डमा आन्दोलन गर्दै आएका थिए। आन्दोलनका कारण उक्त सडकखण्डमा पटक–पटक यातायात प्रभावित भएको थियो। सरकारसँग सहमति गर्न शनिबार साँझ काठमाडौं पुगेका गरिमाका बाबु मनोज चौधरी र आमा मानमती चौधरी आइतबार मध्याह्न काठमाडौंमा भएको छलफलपछि बारा फर्किएका थिए। उनीहरू बारा फर्किएपछि प्रहरीले परिवारलाई कलैया प्रादेशिक अस्पताल लगेर शव बुझाएको थियो।

शव बुझेर परिवारजन तथा आफन्तहरू गरिमाको अन्तिम संस्कारका लागि कलैया उपमहानगरपालिका– १४, बघवनस्थित पसाहा खोलामा पुगेका थिए। हिन्दु परम्पराअनुसार गरिमाका बाबु मनोज चौधरीले छोरीको पार्थिव शरीरमा दागबत्ती दिए। गरिमाको अन्त्येष्टिका क्रममा घटनालाई लिएर स्थानीयवासीमा शोक र आक्रोश देखिएको थियो। अन्तिम संस्कारमा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरलगायत सुरक्षा अधिकारी तथा स्थानीयवासीको उपस्थिति थियो।

गरिमाको हत्या भएपछि दोषीलाई कडा कानुनी कारबाहीको माग गर्दै बारा तथा आसपासका क्षेत्रमा व्यापक विरोध प्रदर्शन भएको थियो। पीडित परिवारले घटनाको निष्पक्ष अनुसन्धान, दोषीमाथि कडा कारबाही तथा बालबालिकाको सुरक्षाको सुनिश्चिततालगायतका विषय उठाउँदै आन्दोलन गरेका थिए। सरकार र पीडित परिवारबिच शनिबार राति भएको सहमतिपछि सडक आन्दोलन स्थगित गर्ने र शव बुझेर अन्त्येष्टि गर्ने वातावरण बनेको हो। सहमतिपछि पनि गरिमामाथि भएको जघन्य अपराधको निष्पक्ष अनुसन्धान र दोषीलाई कानुनअनुसार अधिकतम कारबाही हुने विषयमा परिवार तथा स्थानीयवासीले चासो राखेका छन्।

गरिमाको अन्त्येष्टिसँगै केही दिनदेखि सडकमा केन्द्रित आन्दोलन तत्कालका लागि रोकिएको भए पनि उनको न्यायको माग भने निरन्तर उठिरहेको छ। स्थानीयवासीले घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई पीडित परिवारलाई न्याय दिलाउन राज्यले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताएका छन्।

# प्रेस युनियन सप्तरीको अध्यक्षमा मनोजकुमार माझी सर्वसम्मत

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ७ भदौ। नेपाल प्रेस युनियन सप्तरीको आठौँ जिल्ला अधिवेशनबाट मनोजकुमार माझीको अध्यक्षतामा नयाँ जिल्ला कार्यसमिति सर्वसम्मत रूपमा चयन भएको छ। अध्यक्षमण्डलको बैठकले युनियनको विधानअनुसार माझीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा गठन गरेको हो। नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा नवीनकुमार गुप्ता, महिला उपाध्यक्षमा ललिताकुमारी साह, सचिवमा परिष कर्ण, सहसचिवमा रामनारायण यादव र कोषाध्यक्षमा लोकेन्द्रप्रसाद यादव चयन हुनुभएको छ। त्यस्तै सदस्यहरूमा दीपेश जोशी, अशोक झा, कृष्णान्त देव, महेन्द्र सदा र गायत्रीकुमारी सेठ चयन हुनुभएको छ।

अधिवेशनबाट केन्द्रीय पार्षदमा मुरलीप्रसाद यादव, श्रवणकुमार देव, विनयकुमार लाल कर्ण, ओमप्रकाश साह, संजीनविक्रम साह र अर्जुनप्रसाद साह चयन हुनुभएको छ। यस्तै प्रदेश पार्षदमा गणेशलाल देव, रमानन्द देव, निराजकुमार मण्डल, अरुणकुमार यादव, सन्तोषकुमार साह र प्रतिमाकुमारी चौधरी चयन हुनुभएको छ। नेपाल प्रेस युनियनको विधानअनुसार प्रदेश समितिका पदाधिकारी सदस्य स्वतः प्रदेश पार्षद रहने व्यवस्था भएकाले नरेशकुमार चौधरी, पवन मिश्र र शैलेन्द्र सिंहलाई पनि सोहीअनुसार प्रदेश पार्षद कायम गर्ने निर्णय भएको अध्यक्षमण्डलले जनाएको छ।

अधिवेशनका लागि गठित अध्यक्षमण्डलमा मुरलीप्रसाद यादव, धीरेन्द्रप्रसाद साह, अर्जुनप्रसाद साह, श्रवणकुमार देव, मिथिलेश यादव, ओमप्रकाश साह तथा केन्द्रीय सचिव एवं प्रतिनिधि अजित तिवारी रहनुभएको थियो। निर्वाचन समितिका संयोजक गणेशलाल देव तथा सदस्यहरू



शम्भुलाल देव र नरेशकुमार चौधरीका साथै नेपाली कांग्रेस सप्तरीका सचिव सनतकुमार मण्डललगायतको उपस्थितिमा शनिबार राति सर्वसम्मत रूपमा कार्यसमिति चयन गरिएको हो।

यसअघि अधिवेशनको उद्घाटन गर्दै नेपाल प्रेस युनियनका महासचिव दिलीप पौडेलले नेपाली पत्रकारिता कठिन मोडमा पुगेको बताउँदै पत्रकारिताप्रति सरकारले अवलम्बन गरेको विभेदकारी नीतिविरुद्ध सञ्चार क्षेत्रसँग आबद्ध संघ–संस्थाहरू एकजुट हुनुपर्नेमा जोड दिनुभयो। प्रविधिको विकाससँगै सञ्चारकर्मी पनि समयअनुकूल परिवर्तन हुनुपर्ने उहाँको भनाइ थियो। सामाजिक सञ्जालमा प्रकाशित सबै सामग्री समाचार नहुने भए पनि आम नागरिकले त्यसलाई समाचारकै रूपमा बुझ्ने गरेको उल्लेख गर्दै उहाँले सञ्चारकर्मीले समयअनुसार आफूलाई परिमार्जित गर्नुपर्ने बताउनुभयो।

“सामाजिक सञ्जालका सबै सामग्री समाचार होइनन्, तर आम नागरिकले त्यसलाई समाचारका रूपमा बुझेका छन्,” उहाँले भन्नुभयो, “समयसँगै आफूलाई परिवर्तन गर्नु जरुरी छ। श्रोता, दर्शक र पाठकले खोजेजस्तो समाचार सम्प्रेषण गर्नु अपरिहार्य छ।” कार्यक्रममा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साहले देशमा भएका सबैखाले परिवर्तनका आन्दोलनमा पत्रकारको अविस्मरणीय योगदान रहेको उल्लेख गर्दै पत्रकारलाई निर्भीकताका साथ आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्न आग्रह गर्नुभयो।

नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनयलाल कर्णको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्का, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान, नेपाल प्रेस युनियन मधेश प्रदेशका अध्यक्ष सत्यप्रसाद श्रेष्ठ, नेपाल शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष परशुराम यादव, प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झा, प्रेस चौतारी नेपाल सप्तरीका अध्यक्ष डम्बर राई, प्रेस मञ्च सप्तरीका अध्यक्ष धर्मपाल राउत, प्रेस सेन्टर नेपाल सप्तरीका अध्यक्ष विन्दुकुमार यादव, नेपाल ट्रेड युनियन कांग्रेस सप्तरीका अध्यक्ष मनोजकुमार मण्डल तथा नेपाल विद्यार्थी संघ सप्तरीका अध्यक्ष राकेशकुमार ठाकुरलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)